प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# प्रदेश कार्यालय, प्रदेश नं. १

## इटहरी, सुनसरी

## डिप्लोमा तथा प्रमाण–पत्र तहको वर्गिकृत (निशूल्क) छात्रवृत्ति तर्फको नतिजा प्रकाशन सम्वन्धि अत्यन्त जरुरी सूचना ।

(प्रथम पटक प्रकाशित मिति : २०७७/०७/२६)

शैक्षिक सत्र २०७७/०७८ को लागि परिषद् परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरको मिति २०७७/०५/२६ र २०७७/०६/१९ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना वमोजिम डिप्लोमा तथा प्रमाण–पत्र तहको वर्गिकृत (निशूल्क) छात्रवृत्ति छनौटका लागि आवेदन फारम भर्ने सम्बन्धि सूचना अनुसार तोकिएको मिति र समयभित्र Online फारम भरेका योग्य आवेदकहरु मध्येवाट डिप्लोमा तथा प्रमाण–पत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्वन्धि निर्देशिका २०७४ (तेस्रो संशोधन २०७७) तथा सूचनामा उल्लेख भए बमोजिम योग्यताक्रमका आधारमा शिक्षण संस्था समेत सिफारिस गरी नतिजा प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ । साथै रीतपुर्वक नभरीएका आवेदन फारमहरु रद्द गरिएको व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

छनौट भएका सफल उम्मेद्धारहरुले सिफारीस गरिएको शिक्षण संस्थामा २०७७/०८/११ गते कार्यालय समयभित्र आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता वा जन्मदर्ता प्रमाण–पत्र, सरकारी/सामुदायीक विद्यालय अध्ययन गरेको सिफारिस पत्र र लक्षित समुह छनौट भएको भए सो को सक्कल प्रमाणपत्रहरु तथा छात्रवृत्ति छनोटका लागि Online आवेदन भर्दा प्राप्त भएको प्रवेशपत्र सहित सिफारिस गरिएको शिक्षण सस्थामा भर्ना भइ सक्नुपर्नेछ सम्वन्धित शिक्षण संस्थाहरुले यसै सूचनालाई आधार मानी शैक्षिक योग्यताको कागजात तथा सरकारी/सामुदायीक विद्यालय भएको प्रमाणित पत्र समेत हेरि भर्ना गराउनुहुन अनुरोध छ । तोकिएको मिति र समय भित्र भर्ना हुन नआई कोटा रिक्त रहे भर्ना हुन नआएको प्रशिक्षार्थीको नाम, अनुमति नं र लक्षित समुहको भए सो समुह समेत उल्लेख गरी ३ (तिन) दिन भित्र यस कार्यालयको ईमेल ठेगाना infoctevtprov1@gmail.com र सोको वोधार्थ परिषद्, परीक्षा नियन्त्रण कार्यालय (oce.ctevt@gmail.com) मा अनिवार्य रुपमा पठाउनुहुन समेत अनुरोध छ । समयमा जानकारी नगराई छात्रवृत्ति व्यवस्थापन कार्यमा असहोग गर्ने संस्थालाई डिप्लोमा तथा प्रमाण–पत्र तहको प्रवेश परीक्षा सञ्चालन छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धि निर्देशिका, २०७४ (तेस्रो संशोधन) अनुसार भै जाने व्यहोरा अनुरोध साथ जानकारी गराईन्छ ।

निर्देशक